नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०७२।३।१७ मा स्वीकृत

# आपत्कालीन संरक्षण सेवामा महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित समूहहरूको परिचालनका लागि

# मार्गदर्शन

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
श्रीमहल, ललितपुर

२०७२ असार

**नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०७२।३।१७ मा स्वीकृत**

# आपत्कालीन संरक्षण सेवामा महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित समूहहरूको परिचालनका लागि

# मार्गदर्शन

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
श्रीमहल, ललितपुर

**२०७२ असार**

**प्रकाशक**
नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
श्रीमहल, ललितपुर ।

तार : ०१-५५४७०१३, ०१-५५२६७७९
छवि : ०१-५५२१२१४

मञ्जुसा : dwd1@wlink.com.np
गृहपन्ना : www.dwd.gov.np

२०७२ (१,००० प्रति)

मुद्रक:
**त्रिवेणी छापाखाना**
बागडोल, ललितपुर
सम्पर्क : ९८५१०८७९६६

# विषय-सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | परिभाषा | १ |
| ३. | उद्देश्य | २ |
| ४. | कार्यक्षेत्र | २ |
| ५. | सेवाहरू | ५ |
| ६. | अन्य निकायको सहयोग | १४ |
| ७. | अन्यत्रका संस्थाको सहकार्य | १५ |
| ८. | संयोजन | १६ |
| ९. | विविध | १७ |
| १०. | अनुसूचीहरू | १९ |

## १. परिचय

वर्ष २०७२ वैशाख १२ गतेको भूकम्प र उप्रान्तका पराकम्पनबाट देशको भन्डै आधा भागमा आपत् परेको छ । विशेषत: १४ जिल्ला प्रभावित भएका छन् । मानवीय एवं भौतिक क्षति थप जिल्लामा पुगेको छ । विनाशक विपत्को प्रतिकार्यमा यत्तिखेर देश लागिपरेको छ । नेपाल सरकारको नेतृत्वमा राज्य संयन्त्रका साथै अन्तर्राष्ट्रिय समुदाय र खास गरी नेपाली जनस्तरको व्यापक सहभागितामा मानवीय सहायताका कार्यहरू भैरहेका छन् ।

प्रतिकार्यको अभियानमा महिला विकास कार्यक्रमबाट प्रवर्धित समूहहरू पछि परेका छैनन् । अनगिन्ती महिला समूहहरू आफैको बिचल्ली भएको छ तैपनि यथाशक्ति उठेर छिमेकीको खोजी, उद्धार र राहतमा जुटिरहेका छन् । बाँके, रूपन्देही, कपिलवस्तुजस्ता कम प्रभावित जिल्लाका महिला समूहहरूले राहत जम्मा पारेर धादिङ, मकवानपुर, सिन्धुपाल्चोकलगायतका बढी प्रभावित जिल्लास्थित महिला समूहहरूसम्म पुगी वितरण गर्ने एवं भरोसा दिने पहल पनि गरिरहेका छन् ।

अरू वेलाजस्तै असमानुपातिक असर महिलामा परेको अहिलेको प्रकोपबाट शीघ्रातिशीघ्र पुनर्लाभ प्राप्त गर्न सँगाती सहयोग, छिन्नभिन्नप्राय: महिला समूह, समिति, संस्थाको पुनर्जागरण र नवनिर्माणका प्रक्रममा पनि प्राथमिक सरोकारवाला प्रभावित महिलाकै रचनात्मक भूमिकालाई बढवा दिनु वाञ्छनीय देखिएकाले यो मार्गदर्शन बनाइएको हो ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यो मार्गदर्शनमा,–



क. 'संस्था' भन्नाले महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित महिला संस्था सम्झनुपर्दछ र सो शब्दले संस्था गठन नभएका स्थानमा प्रवर्धित महिला समूह तथा समितिसमेतलाई जनाउनेछ;

ख. 'कार्यालय' भन्नाले जिल्लास्थित महिला तथा बालबालिका कार्यालय सम्झनुपर्दछ र

ग. 'विभाग' भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ ।

## ३. उद्देश्य

जारी प्रतिकारात्मक प्रयासमा महिला विकास समूहहरूको परिचालनका उद्देश्य देहायबमोजिम निर्धारण गरिएका छन् :

क. प्रभावित समूह सदस्यको वैयक्तिक उत्थानशीलता बढाउने;

ख. सङ्कटापन्न बालबालिका, किशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकका लागि आश्रयस्थल, मनोसामाजिक विमर्श, सम्भावित ज्यादतीबाट बचाउलगायतका संरक्षणात्मक सेवाहरू सुलभ तुल्याउने र

ग. नवनिर्माणको प्रक्रियामा  समूह सदस्यको अग्रसरता, योगदान, सशक्तीकरण सुगम बनाउने ।

## ४. कार्यक्षेत्र

राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा (National Disaster Response Framework – NDRF), २०७० मा संरक्षण क्षेत्रको नेतृत्वदायी निकायका रूपमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयतर्फ विपत्पश्चात् देहायका कार्यहरूमा समन्वय गर्ने गरी तोकिएको छ :

क. प्रभावित स्थानमा, शिविर सञ्चालन भएका स्थानमा, राहत सामग्री वितरण हुँदा र खोज तथा उद्धारका समयमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी राख्ने;

ख. बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असहाय वर्गका विषयमा विशेष संरक्षणको प्रवन्ध गर्ने र

ग. परिवारसँग विछोडिएका बालबालिकालाई परिवारसँग मिलन गराउने, परिवार गुमाएका वा एक्ला बालबच्चाको उचित स्याहार र लालनपालनको व्यवस्था मिलाउने वा आफन्तलाई बुझाउने ।

कार्यढाँचामा जिल्लास्थित महिला तथा बालबालिका कार्यालयलाई प्रभावित खास गरी सङ्कटासन्न समूहका लागि स्वच्छ, सुरक्षित वातावरणको प्रत्याभूति दिनुका साथै लैङ्गिक हिंसा नियन्त्रण गर्न विशेष ध्यान दिने गरी तोकिएको छ ।

व्यवस्थापिका-संसद्बाट २०७२ वैशाख ३० गते पारित सङ्कल्प प्रस्तावको संरक्षण विषयगत क्षेत्रसँग विशेषतः सम्बन्धित बुँदा ७ मा अभिभावक नभएका बालबालिका, एकल महिला, ज्येष्ठ नागरिक, रोगी, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, हेरचाह गर्ने कोही नभएका महिलाका लागि सङ्क्रमणकालीन पुनर्स्थापना केन्द्र स्थापना गरी राहत र पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ ।

व्यवस्थापिका-संसद् महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाजकल्याण समितिको मिति २०७२।२।१ को बैठकबाट देहायका निर्देशन प्राप्त भएका छन् :

क. भूकम्पको कारण विपत्मा परेका गर्भवती, सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र असहाय व्यक्तिहरूका लागि जिल्लामा तथ्याङ्क सङ्कलन गरी विशेष



व्यवस्थापन गर्ने; साथै पीडित समुदायलाई विशेष परिस्थितिको कारण सिर्जित मनोवैज्ञानिक समस्यालाई समाधान गर्न समुदायमा नै मनोसामाजिक परामर्श दिने व्यवस्था मिलाउने र

ख. भूकम्पका कारण विस्थापित महिला तथा बालबालिकाको संरक्षणको विशेष व्यवस्था तथा संरक्षणको नाममा हुन सक्ने दुरुपयोगलाई कडाइका साथ रोक्ने व्यवस्था मिलाउने ।

त्यस्तै, नेपाल सरकारबाट स्वीकृत भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना, २०७२ मा देहायका कार्यहरू सञ्चालन गर्ने गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई जिम्मेवार निकाय तोकिएको छ :

क. भूकम्पमा परी अपाङ्गता भएका व्यक्तिलाई निश्चित मापदण्डको आधारमा थप राहत उपलब्ध गराउने (२०७२ असार मसान्तभित्र);

ख. भूकम्पबाट प्रभावित ज्येष्ठ नागरिक, एकल महिला, रोगी, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्तिलगायतलाई सङ्क्रमणकालीन आश्रय केन्द्र स्थापना गरी अस्थायी बसोबासको व्यवस्था मिलाउने (तत्काल) र

ग. भूकम्पबाट अभिभावक गुमाएका र आश्रयविहीन बालबालिकाका लागि तत्कालै आश्रयको व्यवस्था गर्ने (२०७२ असार मसान्तभित्र) ।

तदनुसार समुदायको तहमा महिला समूहहरूको भूमिका खास गरी देहायका क्षेत्रमा अपेक्षित छ :

क. अभिभावकविहीन बालबालिकाको खोजीनिती, संरक्षण;

ख. गर्भवती, सुत्केरी आमा, नवजात शिशु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बिरामी, ज्येष्ठ नागरिकको आवश्यकीय हेरचाह;

ग. मनोवैज्ञानिक संत्रासमा परेका खास गरी बालबालिका, किशोरी, एकल महिलाका लागि मनोविमर्श, सामाजिक साथ;

घ. महिला तथा किशोरीमाथिको सम्भावित यौनजन्य आक्रमण, ओसारपसार, बेचबिखनजस्ता अपराध कर्मको रोकथाम, निगरानी;

ङ. विशेष गरी जीविकोपार्जनको अवसर पुनर्सिजना गर्ने गरी समूह, समिति, संस्थाका गतिविधिहरूको निरन्तरता, तीव्रता;

च. मानवीय सहायताका साथै पुनर्स्थापना सहयोगमा प्रभावितको समतामूलक पहुँच स्थापना र

छ. सामुदायिक पुनर्निर्माण, स्रोत संरक्षण एवं सेवा सञ्चालनमा अग्रसरता ।

## ५. सेवाहरू

प्रभावित क्षेत्रका महिला संस्थाहरूलाई वडास्तरका समितिहरूसँग समेत परामर्श गरेर स्थानीय आवश्यकता र प्राथमिकताअनुसार तात्कालिक रूपमा चारथरी सेवा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

### ५.१ संरक्षण विषयगत क्षेत्रका इच्छुक निकायसँगको सहकार्यमा मनोसामाजिक विमर्श केन्द्र स्थापना

भैँचालोमा आफन्त गुमाएर, चोटपटक लागेर, खतरामा परेर, बारम्बारको प्रकम्पदेखि तर्सिएर वा त्यस्तै कुनै अवस्था भएर असामान्य मनोदशा भएका थुप्रै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिलगायतलाई मनोविमर्श सहायता आवश्यक परेको अनुमान छ । महिला संस्थासँग मनोसामाजिक विमर्शको विशेषज्ञता



त छैन तर आम रूपमा सदस्य तथा समुदायका प्रभावितजनको आवश्यकता हेरी प्राथमिक सेवा प्रवाह बिन्दुको रूपमा कार्य गर्ने अवस्थिति छ । स्थानीय तहमा मनोविमर्श सहायता चाहिने प्रभावितको पहिचान गर्न, उनीहरूलाई विमर्शकसम्म ल्याइपुऱ्याउन र अनुशरण (Follow-up) समेत सुनिश्चित गर्न महिला समूहहरूको मागपक्षीय जागृति (Demand-side awareness) उपयोगी हुन्छ ।

हाल संरक्षण विषयगत क्षेत्रका सम्बन्धित निकायबाट जिल्ला-जिल्लामा मनोविमर्शकहरू खटाइएकाले त्यस्तो सेवा जुटाउन सकिने देखिएको छ । महिला विकास कार्यक्रमअन्तर्गत नै पनि संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको सहयोगमा विभिन्न जिल्लामा सामाजिक परिचालिकाहरूलाई ६ महिना लामो मनोविमर्श प्रशिक्षण दिइएको छ । केही समयका लागि उनीहरूलाई पनि प्रभावित जिल्लामा पठाउने व्यवस्था मिलाइँदैछ ।

अतः महिला संस्थाहरूले आपसमा परामर्श गरी निर्वाचन क्षेत्र अथवा भौगोलिक पायकको विचार गरेर आफूमध्ये कुनैमा मनोसामाजिक विमर्श केन्द्र खडा गर्ने अग्रसरता लिन सक्नेछन् । मनोसामाजिक विमर्श केन्द्र राखिएको संस्थामा छिमेकका संस्थामार्फत पनि सेवा आवश्यक प्रभावितहरूलाई ल्याउने व्यवस्था मिलाउन सकिन्छ । मूल केन्द्रबाट छिमेकमा घुम्ती केन्द्र राख्ने व्यवस्था लक्षित समूहसम्म पुग्ने अर्को विकल्प हुन सक्तछ ।

मनोसामाजिक विमर्श केन्द्र स्थापना गर्न इच्छुक संस्थाले माथि भनिएबमोजिम पूर्व-तयारी गरेर महिला तथा बालबालिका कार्यालयमा सम्पर्क राखेमा कार्यालयले संस्थाको सदस्य सङ्ख्या, कार्य अनुभव र वित्तीय क्षमतासमेतको आधारमा प्राथमिकीकरण गरी कार्यक्रममा व्यवस्था भएअनुसार पहिलो चरणमा ३ महिनाका लागि

प्रतिसंस्था रु.१ लाख ६५ हजारसम्म कार्यक्रम अनुदान दिन सक्नेछ । उक्त रकम संस्थाले देहायको प्रयोजनमा उपयोग गर्नुपर्दछ :

क. केन्द्रका लागि आवश्यक घर, त्रिपाल, फर्निचर, फिक्चर्स, भाँडाकुँडालगायतका सुविधा;

ख. मनोविमर्शको क्रममा प्रयोग हुने सामग्रीका साथै केन्द्रलाई सेवाग्राही-मैत्री बनाउन सूचना पाटी, कलाकृति, खेलौनाजस्ता वस्तु;

ग. मनोविमर्श सेवा लिने सिलसिलामा आतेजाते बस भाडासम्म पनि बेर्होर्न नसक्ने प्रभावितका हकमा साथीसमेतको लागेको खर्च;

घ. सेवा सञ्चालनको आधारभूत अभिलेख, कागजपत्र, सञ्चार सामग्री;

ङ. घुम्ती सेवा सञ्चालनका लागि सामानसहित टोलीको स्थानान्तरण खर्च;

च. घुम्ती केन्द्रमा र केन्द्रमा समेत विनाफुर्सत लगातार काम गर्नुपर्ने अवस्थामा त्यसरी खटिएको दिनका लागि प्रतिव्यक्ति रु. ६५ मा नबढ्ने गरी टोलीको खाजा र

छ. सेवा सञ्चालन तथा सोको सिलसिलामा प्रत्यक्षतः आवश्यक अन्य खर्चहरू ।

केन्द्रको स्थापना एवं कार्यव्यवस्थाका लागि संस्थाले सञ्चालक समितिका उपाध्यक्षको संयोजकत्वमा एकजना सञ्चालक र एकजना कर्मचारीसमेत तीनजनाको व्यवस्थापन उपसमिति बनाउनुपर्दछ । व्यवस्थापन उपसमितिले सम्बन्धित पक्षहरूसँग समन्वय गरी केन्द्रको



सञ्चालन व्यवस्था मिलाउनुपर्दछ । साथै सेवा दिँदा देहायबमोजिम गरी प्रभावित सेवाग्राहीको व्यक्तिगत गोप्यता कायम राख्नुपर्दछ :

- सेवाग्राही दर्ता कितापमा नाम नलेखी नाम, नामेसी खुलेको व्यक्तिगत फाइल खामभित्र राखेर खामबाहिर दर्ता कितापको नम्बरले जनाउने;
- खामबन्दी फाइल छुट्टै दराज वा दराजको छुट्टै खण्डमा साँचो लगाएर राखी साधारणतया मनोसामाजिक विमर्श दिने बखतबाहेक नखोल्ने र
- व्यवस्थापन उपसमितिको जिम्मामा साँचो राख्ने ।

संस्थाले कार्यालयबाट प्राप्त रकम आफ्नो खातामा आम्दानी बाँधेर र घटीमा एक-तिहाइ माथि खण्ड (ग) मा भनिएबमोजिम सेवाग्राहीका लागि छुट्ट्याएर व्यवस्थापन उपसमितिको सिफारिसका आधारमा सञ्चालक समितिको बैठकबाट प्रयोजन र रकमसमेत खोली सर्वसम्मतिले निकासा वा समर्थन भएबमोजिम खर्च गर्नुपर्दछ ।

संस्थाले अनुसूची १ को ढाँचामा सेवाग्राही दर्ता किताप खडा गरी अनुसूची १.क को ढाँचामा पाक्षिक प्रगति प्रतिवेदन र खर्चको फाँटबारी कार्यालयमा पठाउनुपर्दछ । पहिलो ३ महिनाको प्रगति समीक्षा गरी सेवा सञ्चालन दोस्रो चरणमा निरन्तर राख्नुपर्ने, नपर्ने सम्बन्धमा कार्यालय र संस्थाले तय गर्न सक्नेछन् । सेवा निरन्तर राख्नु वाञ्छनीय देखिएको खण्डमा संस्थाले दोस्रो ३, ६ वा ९ महिनाका लागि मनोसामाजिक विमर्शकको सेवा प्राप्त हुने निधो गरी नवीकरणको प्रस्ताव कार्यालयमा पठाउन सक्नेछ ।

तदनुसार कार्यालयले कार्यक्रममा व्यवस्था भएसम्म देहायबमोजिम महिला संस्थालाई दोस्रो चरणको कार्यक्रम खर्च अनुदान उपलब्ध गराउन सक्नेछ :

- ३ महिनासम्मका लागि रु. ६५ हजार;
- ६ महिनासम्मका लागि रु. १ लाख १५ हजार र
- ९ महिनासम्मका लागि रु. १ लाख ६५ हजार ।

**५.२ लैङ्गिकतामा आधारित हिंसा, बालबालिका, किशोरी तथा महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुन सक्ने शोषणको रोकथामका लागि निगरानी समूह, समितिको परिचालन**

आपत्कालमा जति समस्या हुन्छ त्यति नै असुरक्षा पनि हुन्छ । खास गरी महिला र किशोरी यौनजन्य आक्रमणको जोखिममा हुन्छन् । सुरक्षा सेवा राहतमा जुटेका वेला अपराधकर्मीहरूले मौका छोप्न खोज्दछन् । संरक्षणको वहानामा बालबालिका ओसारपसारको डर त्यत्तिकै छ । चिन्ताको स्रोत बनेका त्यस्ता सङ्केत देखा परिसकेका पनि छन् ।

सुलभ राहत, सुरक्षा गस्ती, संरक्षण कार्यको नियमन केही प्रतिकारात्मक उपाय हुन् । सँगसँगै व्यापक रूपमा सामाजिक जागरण पनि आवश्यक छ । महिला संस्थाअन्तर्गत सयौँको सङ्ख्यामा सदस्यहरू छन् । सदस्यहरू सबैजना वडास्तरमा जम्मा भएर महिनैपिच्छे बैठक गरिन्छ । हालसालै वडा सभाबाट ४, ६ वा ८ जनाको समूह बनाएर महिला तथा बालबालिकामाथि हुने हिंसा निगरानी गर्ने परिपाटीसमेत बसालिएको छ । यत्तिखेरको विशेष परिस्थितिमा ती निगरानी समूह, समितिहरूले देहायका पक्षमा असाध्यै प्रभावकारी भूमिका खेल्न सक्तछन् :



क. छिमेकमा विशेषतः जोखिममा रहेका वर्ग पहिल्याउने;

ख. पहिल्याइएका वर्गमाझ सचेतना अभियान चलाउने;

ग. शङ्कास्पद गतिविधि नियालेर त्यसप्रति सबैलाई सतर्क गराउने;

घ. अनधिकृत कार्यहरू हुन लागेकोमा सम्बन्धित निकायलाई सूचना दिएर रोकतोकको व्यवस्था मिलाउने;

ङ समूह सदस्यहरू सबैजना मिलेर जुनसुकै ज्यादतीको तत्काल प्रतिकारमा उत्रने;

च. सुरक्षा निकायको सहयोगमा प्रभावितको संरक्षण एवं दोषीलाई कानुनी कार्यवाहीको दायरामा ल्याउन पहल लिने र

छ. नेपाल सरकारका संरक्षण सेवाहरूको विस्तारमा स्थानीय स्तरमा सहजीकरण गर्ने ।

महिला निगरानी समूह, समितिको सक्रियताबाटै संस्थाका आफन्ती आश्रय, मनोसामाजिक विमर्श केन्द्र, किशोरीको जीवनोपयोगी सीप विकासजस्ता संरक्षण गतिविधिहरू पनि प्रभावकारी हुने हुन् ।

अतः प्रभावित क्षेत्रका महिला संस्थाले आफ्नो सदस्यता विस्तार भएका वडाभरिका निगरानी समूह, समितिहरूलाई नियमित कार्यसँगै संरक्षण विषयगत क्षेत्रका प्रतिकारात्मक सेवामा विशेष क्रियाशील तुल्याउने कार्ययोजना तर्जुमा गर्न सक्नेछन् । कार्ययोजनामा प्रारम्भिक तीन महिनाका लागि निगरानी समूह, समितिरू सघन स्तरमा र उप्रान्त नियमित स्तरमा परिचालित हुने दृष्टिकोण राख्नुपर्दछ । सदस्यता विस्तार भएका तर वडास्तरीय संरचना नभएका वडामा यसैपाली वडा समितिका साथै निगरानी समूह बनाएर काम थाल्ने गरी पनि कार्ययोजनामा राख्न सकिन्छ ।

उपर्युक्तानुसार कार्ययोजना पेस गर्ने संस्थालाई कार्यालयले कार्यक्रममा व्यवस्था भएको खण्डमा प्रारम्भमा रु. ९० हजार र तीन महिनापछि रु. ४५ हजार गरी वर्षभरिका लागि जम्मा रु. १ लाख ३५ हजार कार्यक्रम अनुदान दिन सक्नेछ । उक्त रकम संस्थाले आफ्नो खातामा आम्दानी बाँधी यथाशक्य वडागत अनुपातसमेत मिलाएर सञ्चालक समितिको सर्वसम्मत निर्णयबाट देहायका प्रयोजनमा उपयोग गर्नुपर्दछ :

क. अभिमुखीकरण, परामर्श, समीक्षाका सिलसिलामा सहभागी निगरानी समूह, समितिका पदाधिकारीहरूको लागेको यातायात र प्रतिव्यक्ति प्रतिदिन रु. ६५ को सीमाभित्र खाजा खर्च;

ख. प्रतिकारात्मक कार्यमा संलग्न रहनुपर्दा निगरानी समूह, समितिका खटिने सदस्यको लागेको यातायात खर्च;

ग. प्रभावितको सुरक्षा एवं न्यायमा पहुँचका लागि सम्प्रेषण गर्नुपर्दा लाग्ने आतेजाते, खानेबस्ने, कानुनी दै-दस्तुरलगायतका परिआउने खर्च;

घ. प्रतिवडा रु. ५ हजारको सीमाभित्र निगरानी सेवामा रातोदिन खटिने सदस्यहरूका लागि लाइट, छाता, जुत्ता, तुम्लेट, मसलन्दलगायतको अत्यावश्यक सामग्री झोला र

ङ. संस्थाको तर्फबाट वडास्तरमा निगरानी समूह, समितिको साथ सम्पर्क अनि विभिन्न निकायसँगको समन्वयका क्रममा हुने यातायात एवं बास बस्नुपर्दाको खर्च ।

निगरानी समूह, समितिले अनुसूची २ को ढाँचामा आफ्ना गतिविधिहरूको यथाशक्य दैनिक टिपोट राख्नुपर्दछ र सोको आधारमा पहिलो तीन महिना पाक्षिक रूपमा अनि पछि मासिक रूपमा अनुसूची २.क को ढाँचामा विवरण एकीकृत गरी संस्थामा दिनुपर्दछ ।



संस्थाले पनि तदनुसार अनुसूची ३.क कै ढाँचामा सबै वडाको विवरण एकीकृत गरी कार्यालयमा पठाउनुपर्दछ । संस्थाले प्रत्येक महिनाको खर्चको फाँटबारीसमेत कार्यालयमा पेस गर्नुपर्दछ ।

## ५.३ प्रभावित किशोरीहरूको जागरणका लागि जीवनोपयोगी सीप तालिम

खास गरी किशोरीहरू यौनजन्य दुर्व्यवहार, ओसारपसार र बेचबिखनसमेतको जोखिममा हुन्छन् । विपत्तिपछिको सङ्क्रमणकालीन चरणमा त्यस्तो जोखिम झन् बढ्ता हुने नै भयो । झट्ट जोसुकैलाई विश्वास गर्ने निर्दोष स्वभावले गर्दा किशोरीहरू दुष्टहरूको प्रपञ्चमा पर्न सक्तछन् । कतिपय आफन्त नै पनि पराई बन्दछन् । शरणको मरण गर्नेहरू अर्काथरी हुन्छन् ।

जे होस्, पारिवारिक सुरक्षाको पर्खाल चर्किएभत्किएका वेला किशोरीहरूको रेखदेखको जिम्मा स्वतः समुदायमा – त्यसमा पनि महिला समूहहरूमा – सर्दछ ।

सार्वजनिक र निजात्मक दुवैथरी उद्बोधनबाट नै किशोरीहरूलाई खतरामुक्त गर्न सकिने हुन्छ । जीवनोपयोगी सीपहरू वैयक्तिक सतर्कतामा सहयोगी बन्दछन् । तनाव, त्रास, अनिश्चिततामा आत्मबल कायम राख्न पनि जीवनोपयोगी सीप काम लाग्दछन् । जीवनोपयोगी सीप समूहमा प्रदान गरिने हुनाले सीपप्राप्त प्रशिक्षार्थीहरूमा आपसी सुरक्षाभावसमेत पैदा हुन्छ । महिला विकास कार्यक्रमका साथै विभिन्न निकायका कार्यक्रमअन्तर्गत जीवनोपयोगी सीपका स्रोत व्यक्तिहरू जिल्लास्तरमै भेटिने हुनाले प्रशिक्षण चलाउन समस्या पर्दैन ।

अतः संस्थाले आफ्नो कार्यक्षेत्रको गाविस वा नगरपालिकाको वडामा जोखिममा रहेका किशोरीहरूलाई लक्षित गरेर जीवनोपयोगी सीप

तालिम दिने पहल गर्नु वाञ्छनीय छ । क्रियाकलाप राख्दा ३० जनाको समूहमा १० दिन अवधिको मिल्दो हुन्छ । नमुना लिन सकिने गरी कार्यतालिका अनुसूची ३ मा दिइएको छ ।

माथि भनिएबमोजिम जीवनोपयोगी सीप तालिम दिने गरी संस्थाले प्रस्ताव पेस गरेमा कार्यालयले कार्यक्रम हेरी एउटा क्रियाकलापका लागि रु. ७५ हजारसम्म सञ्चालन अनुदान उपलब्ध गराउन सक्नेछ । संस्थाले कार्यालयबाट स्वीकृत प्रस्तावमुताबिक तालिम सञ्चालन गरी प्रतिवेदन र खर्चको फाँटबारीसमेत यथाशीघ्र कार्यालयमा पठाउनुपर्दछ । साथै तालिमप्राप्त किशोरीहरूको जागरण समूह बनाएर निगरानी समूह, समितिसँग सम्बन्धन राखी वरपरका तमाम किशोरीमाझ सचेतना अभियान चलाएर संरक्षण सरोकारका क्षेत्रमा सक्रिय रहने गरी प्रोत्साहन दिनुपर्दछ ।

### ५.४ किशोरी सूचना तथा परामर्श केन्द्रको पुनर्स्थापना

किशोरी सूचना तथा परामर्श केन्द्रलाई जीवनोपयोगी सीप तालिमकै प्रक्रममा हेर्न सकिन्छ ।

प्रभावित किशोरीहरूले केन्द्रबाट सूचना, परामर्श प्राप्त गर्न सक्तछन् । जीवनोपयोगी सीप तालिमप्राप्त किशोरीसँग सँगाती सिकाइ (Peer learning) को थलो पनि केन्द्र बन्ने हुन्छ । विद्यालयहरू बन्द रहुन्जेल र खुलेपछि पनि अस्थायी बासस्थानमा साँगुरो भई जोसुकै बाहिरफेरो निस्किराख्ने हुँदा किशोरीहरूको भेटघाट केन्द्रमा भैरहन्छ ।

महिला संस्थाहरूसँग साबिकमा खास गरी विद्यालयविमुख किशोरीहरूलाई लक्षित गरेर सूचना तथा परामर्श केन्द्र खडा गर्दाको अनुभव छ । प्रभावित क्षेत्रमा स्थापित केन्द्रमध्ये कुनै चलिरहेका छन् त कुनै क्षतिग्रस्त भएका छन् । जताततै सूचना, परामर्श र जागरण



गतिविधिहरू चाहिएको आपत्कालीन अवस्थामा भएभरिका केन्द्रहरू सञ्चालनमा ल्याउनुपरेको छ ।

महिला संस्थाहरूले अघि खोलेका तर अहिले क्षतिग्रस्त भएर अथवा अन्य कारणवश बन्द गरेका सूचना तथा परामर्श केन्द्रहरू तत्काल चलाउन चाहेमा लक्षित किशोरीहरूको राय बुझी कार्यालयमा प्रस्ताव पेस गर्न सक्नेछन् । कार्यालयले त्यसमा विचार गरी कार्यक्रममा व्यवस्था रहेछ भने केन्द्र पुनर्स्थापनार्थ रु. ३५ हजारसम्म महिला संस्थालाई कार्यक्रम अनुदान दिन सक्नेछ । संस्थाले प्राप्त रकम आफ्नो खातामा आम्दानी बाँधी महिला विकास कार्यक्रम २०७०/७१ सञ्चालन मार्गदर्शनको अनुसूची २८ मा निर्धारित कार्यविधिमुताबिक केन्द्रको सञ्चालन व्यवस्था मिलाउन उपयोग गर्नुपर्दछ ।

## ६. अन्य निकायको सहयोग

प्रभावित क्षेत्रको व्यापक आवश्यकताका साथै महिला समूहहरूको परिचालनको गुञ्जायससमेतको विचार गर्दा महिला तथा बालबालिका कार्यालयको तर्फबाट प्रदान गरिने सहयोग पुग्दो देखिँदैन । महिला संस्थाहरूले माथि ५ अन्तर्गत उल्लिखित सेवाहरू सञ्चालन गर्ने सिलसिलामा यसै मार्गदर्शनबमोजिम उपयोग गर्ने तथा दोहोरो नपर्ने शर्तमा स्थानीय निकाय, नेपाल सरकारका क्षेत्रगत निकाय र तीमातहतका आयोजनाहरूसँगबाट समेत सहयोग लिन सक्नेछन् । त्यसरी साझेदारीमा सेवा सञ्चालन गर्दा संस्थाले कार्यालयलाई जानकारी दिनुका साथै अन्य निकायबाट प्राप्त गरेको स्रोतको विवरणसमेत पेस गर्नुपर्दछ ।

## ७. अन्यत्रका संस्थाको सहकार्य

जिल्लाभित्रै आंशिक प्रभावित क्षेत्रबाट अधिक प्रभावित क्षेत्रमा र बाहिर आंशिक प्रभावित वा अप्रभावित जिल्लाबाट अधिक प्रभावित जिल्लामा सहयोग पुऱ्याउन इच्छुक महिला संस्थाहरूलाई प्रोत्साहित गरिनेछ । अन्यत्रका महिला संस्थाहरूले प्रभावित क्षेत्रमा यथाशक्य त्यहाँस्थित महिला संस्था, समितिमार्फत नै सहयोग दिने व्यवस्था मिलाउनुपर्दछ । प्रभावित क्षेत्रको आवश्यकता र अन्यत्रका संस्थाको क्षमताअनुसार आपसी मद्दतका सम्भावना विभिन्न हुन सक्तछन् ।

क. माथि ४ मा उल्लेख गरिएजस्तो प्रभावित क्षेत्रका महिला संस्था, समितिहरूको भूमिका निभाउने सिलसिलामा स्वयंसेवक, प्राविधिक एवं वित्तीय योगदान;

ख. महिला संस्थाहरूको सेवा सञ्चालनको प्रयासमा क्षतिग्रस्त संरचनाहरूको पुनर्निमार्णका साथै नष्ट भएका अभिलेख पुनर्सिजनालगायतमा स्वयंसेवक, प्राविधिक एवं उपकरण योगदान;

ग. महिला संस्थाहरूको कार्यक्षेत्रमा प्रभावित सदस्य तथा गैरसदस्य परिवारका खास गरी महिला, बालबालिका, किशोरीहरूका लागि तत्कालीन राहतका वस्तु;

घ. प्रभावित क्षेत्रमा जीविकोपार्जनको अवसर सिर्जनाका लागि महिला संस्थाका सदस्यहरूबाट उत्पादित वस्तुको बजार प्रवर्धनमा प्राविधिक टेवा र

ङ. प्रभावित क्षेत्रका महिला समूहहरूको संस्थागत सुदृढीकरण, जनशक्ति विकास, गतिविधि विस्तारमा उपयोगी सदस्य शिक्षा, अवलोकन भ्रमण, कार्यगत अध्ययन डेरा (Study attachment) जस्ता पक्षमा आवश्यकतामा आधारित सेवा, सुविधा ।



प्रभावित क्षेत्रमा सहयोग पुऱ्याउँदा संस्थाले आफ्नो जिल्लाका साथै सम्बन्धित जिल्लाको कार्यालयमार्फत संरक्षण विषयगत क्षेत्र र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय राख्नुपर्दछ ।

## ८. संयोजन

कार्यालयले यो मार्गदर्शनबमोजिम प्रभावित क्षेत्र र अन्यत्र महिला संस्थाहरूले गर्ने कार्यमा निम्नानुसार संयोजन गरिदिनुपर्दछ :

क. महिला संस्थाहरू माझ आफ्नो भूमिकाप्रति जागरुकता ल्याउने;

ख. प्रभावित क्षेत्रका महिला संस्थाहरूलाई कार्यक्रममा व्यवस्था भएअनुसार स्रोत उपलब्ध गराउने;

ग. प्रभावित क्षेत्रका महिला संस्थाहरूको सेवा सञ्चालनमा जो-चाहिने सहयोगका लागि विभिन्न निकायसँग समन्वय राख्ने;

घ. प्रभावित क्षेत्रमा गई सहयोग गर्न चाहने संस्थाको हकमा सहजीकरण गरिदिने;

ङ. संरक्षण विषयगत क्षेत्रका साथै जिल्ला दैवी प्रकोप उद्धार समितिसँग महिला संस्थाहरूको सम्पर्क बिन्दुको भूमिका खेल्ने;

च. महिला संस्थाहरूबाट भए, गरेका कामको स्थलगत अवलोकन गरी राम्रो गरेकोमा बढवाका साथै सुधार गर्नुपर्ने पक्षमा सुझाउ दिने र

छ. महिला संस्थाहरूले आफ्नै प्रयासमा, कार्यालयको सहयोगमा अनि विभिन्न निकायसँगको सहकार्यमा गरेका कार्यहरूको अभिलेख राखी जिल्ला तथा केन्द्रस्तरमा प्रतिवेदन गरेर उनीहरूको योगदान जनाउने ।

## ९. विविध

### ९.१ कार्यक्रम संशोधनको प्रस्ताव

यो मार्गदर्शनबमोजिम महिला समूहहरूले तत्काल सञ्चालन गर्ने सेवाहरूमा सहयोग पुऱ्याउने दृष्टिकोण राखी अनुसूची ४ मा उल्लिखित जिल्लाका कार्यालयले राष्ट्रिय योजना आयोगबाट प्राप्त निर्देशनको अधीनमा रही चालु आव (२०७१/७२) को स्वीकृत वार्षिक कार्यक्रममा संशोधनको प्रस्ताव गर्न सक्नेछन् ।

### ९.२ सामाजिक परिचालिकाको सेवा

मनोसामाजिक विमर्श विषयको प्रशिक्षणप्राप्त सामाजिक परिचालिकाले प्रभावित क्षेत्रका महिला संस्थाहरूले सञ्चालन गर्ने केन्द्रमा गई सेवा दिन चाहेमा उनको कार्यक्षेत्रको काम सम्बन्धित कार्यालयबाटै गर्ने व्यवस्था मिलाएर एकपटकमा तीन महिनाका लागि खटाउन सकिनेछ ।

### ९.३ स्थापना खर्च अनुदान

विशेषतः प्रभावित १४ वटा जिल्लामा आजीविकाको पुनर्स्थापनाका लागि स्वीकृत महिला विकास कार्यक्रममा व्यवस्था भएबमोजिम अनुदान दिँदा विकास लागत ३ का जिल्लासरह गरिनेछ ।

### ९.४ खर्चमा पारदर्शिता

संस्थाले यस मार्गदर्शनबमोजिम प्राप्त गर्ने जुनसुकै रकम खर्च गर्दा पारदर्शीपूर्ण तरिकाले गर्नुपर्दछ । खर्च गर्दा यस मार्गदर्शन र नेपाल सरकारको प्रचलित कानुनअनुसार गर्नुपर्नेछ । साथै खर्चको लेखापरीक्षण गराई कार्यालयमा पेस गर्नुपर्नेछ ।



### ९.५ साबिकको मार्गदर्शन लागू हुने

यो मार्गदर्शनमा लेखिएका खर्चका मापदण्डलगायतका कुराजतिको हकमा यसैबमोजिम र अन्यको हकमा महिला विकास कार्यक्रम २०७०/७१ सञ्चालन मार्गदर्शनबमोजिम हुनेछ ।

### ९.६ निर्देशन दिन सक्ने

विभागले यो मार्गदर्शनको कार्यान्वयन र सोको सिलसिलामा आवश्यक निर्देशन दिन सक्नेछ ।

## अनुसूचीहरू


| | | |
|---|---|---|
| १. | महिला संस्था : मनोसामाजिक विमर्श केन्द्रको सेवाग्राही दर्ता किताप | २१ |
| १.क | महिला संस्थाद्वारा सञ्चालित मनोसामाजिक विमर्श केन्द्रको प्रगति प्रतिवेदन | २२ |
| २. | महिला निगरानी समूह, समितिको संरक्षण गतिविधि टिपोट | २३ |
| २.क | महिला समूह, समितिको संरक्षण निगरानी प्रतिवेदन | २४ |
| ३. | जीवनोपयोगी तालिमको नमुना कार्यतालिका | २५ |
| ४. | भूकम्प प्रभावित जिल्लाहरू | २७ |

अनुसूची ४

## भूकम्प प्रभावित जिल्लाहरू

क. विशेषतः प्रभावित - १४

१. गोरखा

२. रसुवा

३. धादिङ

४. नुवाकोट

५. सिन्धुपाल्चोक

६. काभ्रेपलाञ्चोक

७. काठमाडौँ

८. ललितपुर

९. भक्तपुर

१०. दोलखा

११. सिन्धुली

१२. रामेछाप

१३. मकवानपुर

१४. ओखलढुङ्गा



ख. अधिक प्रभावित - ५

१५. सोलुखुम्बु

१६. खोटाङ

१७. लमजुङ

१८. तनहुँ

१९. चितवन

ग. आंशिक प्रभावित - ६

२०. कास्की

२१. पर्वत

२२. बाग्लुङ

२३. स्याङ्जा

२४. पाल्पा

२५. गुल्मी

(स्रोत : विपत्पछिको आवश्यकता लेखाजोखा प्रयोजनार्थ राष्ट्रिय योजना आयोगबाट प्राप्त)

अनुसूची १

श्री ... ... ... संस्था, ...

## मनोसामाजिक विमर्श केन्द्र

### सेवाग्राही दर्ता किताप

| दर्ता नं. | मिति | सेवाग्राहीको | | | | | मनोसामाजिक सहायता लिनुपर्नाको | | संलग्न विमर्शक | अनुशरण (Follow-up) | | | | | सम्प्रेषण गरेको भए, बेहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ठेगाना (गाविस/नपा, वडा) | उमेर (वर्ष) | लिङ्ग | शिक्षा (उत्तीर्ण कक्षा वा तह) | अपाङ्गता भए, किसिम | कारण | २०७२ वैशाख १२ अघि वा पछिको समस्या | | आवश्यक नपर्ने | मिति | मिति | मिति | आवश्यक अनुशरण पूरा गरेको | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |



**दर्ता गर्नेको**
दस्तखत :
नाम :
मिति :

**प्रमाणित गर्ने विमर्शकको**
दस्तखत :
नाम :
मिति :

अनुसूची १.क

## महिला संस्थाद्वारा सञ्चालित मनोसामाजिक विमर्श केन्द्रको प्रगति प्रतिवेदन

संस्थाको नाम, ठेगाना :
केन्द्र खडा गरेको मिति :
प्रतिवेदन तयार गरेको मिति :

सहयोगी निकायको नाम, ठेगाना
सहयोगको किसिम

१.
२.
३.

| सि. नं. | सेवाग्राही वर्ग | | सुरूदेखि प्रतिवेदन तयार पार्दाको दिनसम्म | | | | | यो प्रतिवेदन अवधिमा मात्र | | | | | मनोसामाजिक सहायता लिनुपर्नाका मुख्य कारणहरू | सम्प्रेषण गरिएका निकाय | सेवा सञ्चालनमा परेका समस्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा दर्ता भएका | अनुशरण आवश्यक नपर्ने | अनुशरणमा रहेका | आवश्यक अनुशरण पूरा गरेका | सम्प्रेषण गरिएका | जम्मा दर्ता भएका | अनुशरण आवश्यक नपर्ने | अनुशरणमा रहेका | आवश्यक अनुशरण पूरा गरेका | सम्प्रेषण गरिएका | | | | |
| १. | बालबालिका | | | | | | | | | | | | | | | |
| २. | महिला | | | | | | | | | | | | | | | |
| ३. | ज्येष्ठ नागरिक | महिला | | | | | | | | | | | | | | |
| | | पुरुष | | | | | | | | | | | | | | |
| ४. | अपाङ्गता भएका व्यक्ति | बालबालिका | | | | | | | | | | | | | | |
| | | महिला | | | | | | | | | | | | | | |
| | | पुरुष | | | | | | | | | | | | | | |
| | | जम्मा | | | | | | | | | | | | | | |
| ५. | अन्य (खुलाउने) | | | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | | | | |



**तयार गर्नेको**
दस्तखत :
नाम :
मिति :

**प्रमाणित गर्नेको**
दस्तखत :
नाम :
मिति :

द्रष्टव्य : प्रतिवेदनमा एउटा व्यक्ति एउटै खानामा पर्नुपर्दछ । उदाहरणका लागि अपाङ्गता भएका बालबालिकालाई बालबालिकामा जोड्नुहुँदैन । त्यस्तै, ज्येष्ठ नागरिक महिलालाई महिलामा राख्नुहुँदैन; अन्यथा दोहोरो पर्दछ ।

अनुसूची २

# महिला निगरानी समूह, समितिको संरक्षण गतिविधि टिपोट

गाविस : वडा : काम थालेको मिति :

| मिति २०७.../.../... देखि २०७.../.../... सम्म जम्मा दिन ... को | संरक्षण सरोकार | गरेको पहलको बुँदागत बेहोरा | परेको प्रभावको बुँदागत बेहोरा | प्रत्यक्षत: लाभान्वित जना | | | | | अघि सरेर भूमिका खेल्ने सदस्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | किशोरी | बालबालिका | अन्य (खुलाउने) | जम्मा | | |
| | क. निगरानी सेवा<br>• जोखिममा देखिएकाको पहिचान<br>• संरक्षण सचेतना अभियान<br>• शङ्कास्पद गतिविधिप्रतिको सतर्कता<br>• अनधिकृत कार्यको रोकतोक<br>• ज्यादतीको तत्काल प्रतिरोध<br>• प्रभावितको संरक्षण र दोषीलाई कानुनत: सजाय | | | | | | | | | |
| | ख. अल्पकालीन आश्रय सेवातर्फ पुर्‍याएको सहयोग | | | | | | | | | |
| | ग. संस्थाको मनोसामाजिक विमर्श सेवातर्फ पुर्‍याएको सहयोग | | | | | | | | | |
| | घ. नेपाल सरकारको संरक्षण सेवा विस्तारमा पुर्‍याएको सहयोग | | | | | | | | | |
| | ङ. अन्य सेवा, सहयोग | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

<u>टिपोटकर्ताको</u>
दस्तखत :
नाम :
मिति :



अनुसूची २.क

# महिला समूह, समितिको संरक्षण निगरानी प्रतिवेदन

जिल्ला : संस्था : जम्मा वडा : काम थालेको मिति :

| | संरक्षण सरोकार | गरेको पहलको बुँदागत बेहोरा | परेको प्रभावको बुँदागत बेहोरा | प्रत्यक्षत: लाभान्वित जना | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | किशोरी | बालबालिका | अन्य (खुलाउने) | जम्मा | |
| काम थालेदेखि अघिल्लो प्रतिवेदन गर्दा (मिति २०७.../.../...) सम्म पठाइएको जम्मा ... महिना ... दिनको प्रगति | क. निगरानी सेवा<br>• जोखिममा देखिएकाको पहिचान<br>• संरक्षण सचेतना अभियान<br>• शङ्कास्पद गतिविधिप्रतिको सतर्कता<br>• अनधिकृत कार्यको रोकतोक<br>• ज्यादतीको तत्काल प्रतिरोध<br>• प्रभावितको संरक्षण र दोषीलाई कानुनत: सजाय | | | | | | | | |
| | ख. अल्पकालीन आश्रय सेवातर्फ पुर्‍याएको सहयोग | | | | | | | | |
| | ग. संस्थाको मनोसामाजिक विमर्श सेवातर्फ पुर्‍याएको सहयोग | | | | | | | | |
| | घ. नेपाल सरकारको संरक्षण सेवा विस्तारमा पुर्‍याएको सहयोग | | | | | | | | |
| | ङ. अन्य सेवा, सहयोग | | | | | | | | |
| अघिल्लो प्रतिवेदन (मिति २०७.../.../...) पछि यो प्रतिवेदन अवधि (मिति २०७.../.../...) सम्मको प्रगति | क. निगरानी सेवा<br>• जोखिममा देखिएकाको पहिचान<br>• संरक्षण सचेतना अभियान<br>• शङ्कास्पद गतिविधिप्रतिको सतर्कता<br>• अनधिकृत कार्यको रोकतोक<br>• ज्यादतीको तत्काल प्रतिरोध<br>• प्रभावितको संरक्षण र दोषीलाई कानुनत: सजाय | | | | | | | | |
| | ख. अल्पकालीन आश्रय सेवातर्फ पुर्‍याएको सहयोग | | | | | | | | |
| | ग. संस्थाको मनोसामाजिक विमर्श सेवातर्फ पुर्‍याएको सहयोग | | | | | | | | |
| | घ. नेपाल सरकारको संरक्षण सेवा विस्तारमा पुर्‍याएको सहयोग | | | | | | | | |
| | ङ. अन्य सेवा, सहयोग | | | | | | | | |
| जम्मा प्रत्यक्षत: लाभान्वित जना | | | | | | | | | |

<u>तयार पार्नेको :</u>
दस्तखत :
नाम :
मिति :

<u>प्रमाणित गर्नेको :</u>
दस्तखत :
नाम :
मिति :

# जीवनोपयोगी तालिमको नमुना कार्यतालिका



| सत्र / दिन | १०.००-११.०० १ घण्टा | पहिलो ११.००- १२.३० १:३० घण्टा | १५ मिनेट | दोस्रो १२.४५- २.१५ १:३० घण्टा | ३० मिनेट | तेस्रो २.४५- ४.१५ १:३० घण्टा | चौथो ४.१५- ५.०० ४५ मिनेट |
|---|---|---|---|---|---|---|---|
| पहिलो | शुभारम्भ | जीवनोपयोगी सीप : परिचय र आत्मजागरण | चिया | अनुभूति, प्रभावकारी सञ्चार र अन्तरव्यक्ति सम्बन्ध | खाना | संवेगलाई नियन्त्रण, तनावको व्यवस्थापन र सिर्जनात्मक सोचाइ | दिनको पाठ सम्झना |
| दोस्रो | अघिल्लो दिनको पाठ सम्झना | समालोचनात्मक चिन्तन, निर्णय गर्ने क्षमता र समस्या समाधान | | किशोरीहरूले सामना गर्नुपर्ने समस्या, कारण र असर | | साथी दबाब र त्यसबाट किशोरावस्थामा पर्ने प्रभावहरू | |
| तेस्रो | | किशोरावस्था र परिवर्तनहरू : शारीरिक, सामाजिक, मनोवैज्ञानिक, इत्यादि | | किशोरावस्थाको महत्व : कुन-कुन पक्षमा ? | | सुन्दर भविष्य बनाउन किशोरावस्थामा चाल्नुपर्ने कदमहरू (कार्ययोजना र लक्ष्य निर्धारण) | |
| चौथो | | यौन तथा प्रजनन स्वास्थ्यको परिचय र प्रजनन अधिकार | | किशोरा तथा युवा अवस्थाको विकास (छलफल) | | सुरक्षित मातृत्व के हो ? यसका तत्वहरू र सुरक्षित मातृत्वमा परिवार र समुदायको भूमिका | |
| पाँचौ | | गर्भपतन के हो र किन हुन्छ ? सुरक्षित गर्भपतनबारे जानकारी | | युवा-मैत्री परिवार नियोजनका साधनहरू | | चेलीबेटी ओसारपसार, बेचविखन र रोकथाममा किशोरीको भूमिका | |
| छैठौं | | विपत् : कारण, असर, जोखिम अल्पीकरण, पूर्व-तयारी र प्रतिकार्य | | विपत्तिपछिको आपत्मा महिला, किशोरी, बालबालिकाका संरक्षण सरोकार, जोखिम र न्यूनीकरणका उपाय | | आपत्कालीन संरक्षण सेवामा महिला तथा किशोरी समूहको भूमिका | |



| सत्र / दिन | १०.००-११.०० १ घण्टा | पहिलो ११.००- १२.३० १:३० घण्टा | १५ मिनेट | दोस्रो १२.४५- २.१५ १:३० घण्टा | ३० मिनेट | तेस्रो २.४५- ४.१५ १:३० घण्टा | चौथो ४.१५- ५.०० ४५ मिनेट |
|---|---|---|---|---|---|---|---|
| सातौं | | यौन दुर्व्यवहार र त्यसबाट बच्ने उपायहरू | चिया | यौन दुर्व्यवहारसम्बन्धी परामर्श र जीवनोपयोगी सीपको प्रयोग | खाना | वातावरण : परिचय र हाम्रो वातावरण विगत र वर्तमानमा, वातावरणीय समस्या समाधानमा किशोरीको भूमिका | |
| आठौं | | बालवधु : वाल्यावस्थामा हुने विवाहको शारीरिक र मनोवैज्ञानिक परिणाम (चित्रकथा सुनाएर) | | लिङ्गभेद र पारिवारिक निर्णय प्रक्रिया (चित्रद्वारा स्पष्ट गराएर) | | यौवनावस्था, सन्तानोत्पादन र यौन व्यवहारको भावनात्मक पक्ष (कलिलो उमेरमा बच्चा पाउँदा पर्ने असर) | |
| नवौं | | महिनाबारी चक्र परिचय : महिनाबारी समयमा व्यक्तिगत स्याहार तथा परम्परागत व्यवहार र किशोरीको स्वास्थ्य (चित्रकथा सुनाएर) | | यौनरोगको परिचय र यौनरोगका प्रकारहरू | | एचआईभी/एड्सबारे जानकारी : रोगबाट बच्ने उपाय र रोगीलाई गर्ने व्यवहारहरू | |
| दशौं | | कानुनी अधिकार : विवाह, सम्पत्ति, स्वामित्व तथा अंशसम्बन्धी अधिकारहरू | | सामुदायिक सम्बन्धन र सामाजिक परिवर्तनमा किशोरीहरूको भूमिका | | ▪ किशोरी जागरण समूहको गठन (किन र कसरी ?)<br>▪ किशोरीका लागि आयआर्जनका अवसर | समापन |